गलकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## रोजगार सेवा केन्द्र

गलकोट, बागलुङ

गण्डकी प्रदेश, नेपाल

प.सं. : २०७७/०७८

च.नं. :

मिति :२०७७।०४।०४

## न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने बारे जरुरी सूचना ।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक बर्ष २०७७।७८ मा यस गलकोट नगरपालिकाको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरीने न्यूनतम १०० दिन बराबरको रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न ईच्छुक बेरोजगार व्यक्तिहरुले मिति **२०७७ श्रावण ८ गते देखि २०७७ भाद्र ७** गते सम्ममा आफूले स्थायी बसोवास गरेको वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय, रोजगार सेवा केन्द्र, गलकोट वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेव साईट **(www.pmep.gov.np)** बाट निःशुल्क प्राप्त गर्न सकिने छ । निवेदन दिनका लागि न्यूनतम योग्यता र आवश्यक कागजातहरु तपशिल बमोजिम रहेका छन् ।

**तपशिलः**

१. निवेदकको १ प्रति नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

२. निवेदकको १ प्रति पासपोर्ट साईजको फोटो ।

३. निवेदकको परिवारका सम्पूर्ण सदस्यहरुको नाम, नाता, जन्म मिति, नागरिकता नं., जारी मिति तथा जिल्ला ।

४. निवेदक सहित परिवारका सम्पूर्ण सदस्यको शैक्षिक योग्यता, सिप, दक्षता तथा रोजगारिको अवस्था (स्वदेश/विदेश/स्वरोजगार) ।

५. स्थायी बसोबास खुल्ने आवस्यक कागजपत्रको फोटोकपीः विवाह दर्ता वा बसाईसराई दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

६. निवेदकको सम्पर्क नम्वर तथा बैंक खाताको विवरण (उपलब्ध भए सम्म) ।

७. कुल वार्षिक पारिवारिक आय, परिवारका सबै सदस्यहरुले सामाजिक सुरक्षा कोष वा अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता या आम्दानी लिएको/नलिएको विवरण ।

८. निवेदनमा उल्लेखीत सम्पूर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भएको निवेदन मात्र सुचिकृत गरिने छ ।

शिशिर पौडेल
प्रमुख प्रशासकिय अधिकृत

पुनश्चः फारममा उल्लेखित सम्पूर्ण विवरणहरु अनिवार्य रुपमा भर्नुपर्ने छ । अपुरो फारम मान्यहुने छैन ।